Regd. No. 36-047/048 (Kathmandu DAO) 13519 (Social Welfare Council)
नेपाल वातावरण पत्रकार समूह
Nepal Forum of Environmental Journalists (NEFEJ)

# प्रेस विज्ञप्ति

## काठमाडौंको फोहरमैला तुरुन्त व्यवस्थापन गरियोस् ।

नुवाकोट सिसडोलस्थित ल्याण्ड फिल साइट विवादको नाममा देशको राजधानी सहर काठमाडौंमा एक साताभन्दा बढी समयदेखि फोहरमैला उठाउने काम ठप्प भएकोले राजधानी दुर्गन्धित हुँदै गएको सर्व –विदित नै छ । राजधानीका झण्डै आधा करोड जनतासँग प्रत्यक्ष सरोकार राख्ने यो विषयमा नेपाल वातावरण पत्रकार समूहको गम्भीर ध्यानाकर्षण भएको छ ।

फोहरमा राजनीति वा अन्य कुनैपनि बहानाले जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने नेपालको अन्तरिम संविधानको धारा १६ प्रदत्त हक (मौलिक हक) को ठाडो उलंघन भएको हाम्रो ठहर छ । गर्मीको समयमा नेपालका विभिन्न ठाउँमा झाडापखाला, हैजा जस्ता महामारीले सर्वसाधारणको ज्यान लिइरहेको अवस्थामा घनावस्ती भएको राजधानीकै फोहरमैलाको अव्यवस्थाले कुनैपनि बेला प्रकोपको रुप धारण गर्न सक्ने तथ्यप्रति जिम्मेवार निकायहरुको ध्यानाकर्षण गराउन चाहन्छौं ।

फोहरमैला दुर्गन्ध हुनेगरी सडकमा थुपार्ने कार्य कुनैपनि सभ्य समाजको लागि सह्य हुन सक्दैन । ल्याण्डफिल साइटमा अवरोध आएको भन्दै विभिन्न बहानाबाजी गरेर दायित्वबाट सरकार र जिम्मेवार निकायहरुले जिम्मेवारीबाट भाग्ने प्रयत्न गर्नु दुर्भाग्य मात्र होइन राजधानीका लाखौं जनताको जनस्वास्थ्यमाथिको गम्भीर खेलवाड गर्नु पनि हो । यस्तो खेलवाड गर्ने छुट सरकार र सम्बन्धित निकायहरुलाई छैन । ओखरपौवाको ल्याण्डफिल साइटमा अवरोध आएको कारण नयाँ ठाउँमा फोहर व्यवस्थापन गर्न खोजी भइरहेको विवरणहरु पनि प्रकाशमा आएका छन् । फेरी अर्को ठाउँको खोजी गर्ने भन्दै फोहरमा उपत्यकाबासीलाई अल्झाउनु गैर जिम्मेवारी मात्र नभई सरासर अन्याय पनि हो ।

अत: हामी वातावरणीय न्यायको सिद्धान्तलाई ध्यानमा राखी जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको राज्यले ग्यारेन्टी गरोस् भन्ने जोडदार माग गर्दछौं । ल्याण्डफिल साइटको बहानाबाजी गरेर उपत्यकाबासीलाई दुर्गन्धमा राख्ने कार्यप्रति हामी भर्त्सना गर्दछौं । सरकारले तत्काल फोहरमैलाको यथोचित व्यवस्थापन गरी संविधानद्वारा प्रत्याभूत अधिकारको सम्मान गरियोस् भन्ने माग गर्दछौं, अन्यथा फोहरमैलाका कारण कुनैपनि महामारी सिर्जना भएमा त्यसको जवाफदेही सम्बन्धित निकायहरु हुनुपर्ने तथ्यप्रति सचेत गराउन चाहन्छौं ।

ध्रुव बस्नेत
अध्यक्ष
२०६६ साउन ११

नेवापस

Post Box 5143, Thapathali, Kathmandu, Nepal, Phone: ++977-1-4261991, 4260248, Fax: ++977-1-4261191
E-mail:*nefej@mos.com.np,* URL *www.nefej.org*

Member of Asia-Pacific Forum of Environmental Journalists (APFEJ),
International Federation of Environmental Journalists (IFEJ), The World conservation Union (IUCN)